चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गाडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मन बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

## गाउँकार्यपालिकाको मिति २०७९/३/२१ गतेका बैठकका प्रस्तावहरु

१. विद्यालयहरुका लागी पाठ्यपुस्तकमा नपुग रकम ब्यवस्थापन सम्बन्धमा ।

२. जनता मा.वि.बस संचालनको लागी नपुग रकम सम्बन्धमा ।

३. रासि नदिमा खटिएका कर्मचारीहरुको भत्ता भुक्तानी सम्बन्धमा ।

४. ठेक्का योजनाहरुको भेरीएसन अडर र म्याद थप गर्ने सम्वन्धमा ।

५. विभिन्न योजना तथा प्रतिबेदनहरु स्वीकृत सम्बन्धमा ।

- आवधिक योजना २०७९
- क्षमता विकास योजना २०७८
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणनीति २०७८
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण २०७८

६. पुल हेरालुको रकम भुक्तानी सम्बन्धमा ।

७. मर्मत भएका सडकहरुको भुक्तानी सम्बन्धमा ।

८. विभिन्न कार्यविधि/निर्देशिका स्वीकृत सम्बन्धमा ।

९. आर्थिक सहायता अनुमोदन सम्बन्धमा ।

१०. नेपाल रेडक्रस सोसाहिटीको सस्थागत सदस्यता सम्बन्धमा ।

११. विविध सम्बन्धमा ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

मन बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गाडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

## बैठक संख्या-४

## गाउँकार्यपालिकाको चौथो बैठकका निर्णयहरु-२०७९/३/२१

**निर्णय न. १ विद्यालयहरुका लागी पाठ्यपुस्तकमा नपुग रकम ब्यबस्थापन सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको शसर्त अनुदान शिक्षा अन्तर्गत सार्वजनिक विद्यालयहरुका विद्यार्थीहरुको लागी निशुल्क पाठ्यपुस्तक अनुदान शिर्षकमा रकम अपुग भएकोले उक्त नपुग रकम शिक्षा तर्फ नै तोकिएका विधार्थीको दिवाखाजाको लागी विद्यालयलाई अनुदान शिर्षकबाट भुक्तानि दिने निर्णय गरियो

**निर्णय न. २ जनता मा.वि.बस संचालनको लागी नपुग रकम सम्बन्धमा ।**

यस गाउँपालिकाको जनता मा.वि. बड्डाडा मा बस संचालनको लागी चालु आ.ब. मा विनियोजित बजेट नपुग भएको भनि सो विद्यालयको माग अनुसार रु. ११५७००।— पारिश्रमिक कर्मचारी शिर्षकबाट रकमान्तर गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय न. ३ रासि नदिमा खटिएका कर्मचारीहरुको भत्ता भुक्तानी सम्बन्धमा ।**

यस गाउँपालिकाको रासि नदिबाट ढुंगा, गिट्टि र वालुवा निकासीको लागी राजश्व/कर संकलनको लागी खटिएका कर्मचारीहरुको लागी दिईने भनेको थप सुविधा चालु तर्फ करार सेवाका कर्मचारीहरुको तलव स्थानीय भत्ता तथा पोषाक शिर्षकमा बचत हुने रकमबाट भुक्तानी दिने र उक्त रकम नदिजन्य पदार्थ विक्रिबाट प्राप्त रकमबाट सोधभर्ना गरी वाकी रकम बाडफाड गर्ने निर्णय गरियो ।

**निर्णय न. ४ ठेक्का योजनाहरुको भेरीएसन अडर र म्याद थप गर्ने सम्बन्धमा ।**

क) यस गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत संघीय र प्रदेश समपुरक योजना अन्तर्गत ठेक्का प्रकृयाबाट कार्यान्वयनमा रहेका तपशिलका योजनाहरुको प्राविधिक शाखाबाट तयार गरिएको लागत अनुमान भेरीएसन अडर स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | ठेक्का नम्बर | योजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | 10/SRM/NCB/2078/079 | बड्डाडा वजारक्षेत्र सडक कालोपत्रे योजना | |
| २ | 13/SRM/NCB/2078/079 | बड्डाडा वजारक्षेत्र सडक कालोपत्रे योजना | |
| ३ | 11/SRM/NCB/2078/079 | ऐरावति बड्डाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नति योजना | |
| ४ | 15/SRM/NCB/2078/079 | ऐरावति बड्डाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नति योजना | |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

CamScanner

ख) सार्वजनिक खरिद नियमावली बाह्रौं संशोधनले मुल नियमावलीको नियम १२०(क) मा गरेको संशोधन अनुसार निर्माण ब्यवसायिहरुले म्याद थपका लागि निवेदन पेश गरेको हुदाँ यस गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघीय र प्रदेश समपुरक योजना अन्तर्गत ठेक्का प्रकृयाबाट कार्यान्वयनमा रहेका तपशिलका योजनाहरुलाई बहुवर्षिय योजनाको रुपमा कायम गरी निर्माण ब्यवसायीकको माग अनुसार तपशिलको अवधि सम्मका लागी संझौता अवधि थप गर्ने निर्णय गरियो ।

तपशिल

| सि. न. | ठेक्का नम्बर | योजनाको नाम | थप गरिएको संझौता अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | 10/SRM/NCB/2078/079 | बङ्गाडा बजारक्षेत्र सडक कालोपत्रे योजना | २०७९/६/१५ | |
| २ | 13/SRM/NCB/2078/079 | बङ्गाडा बजारक्षेत्र सडक कालोपत्रे योजना | २०७९/६/१५ | |
| ३ | 15/SRM/NCB/2078/079 | ऐरावति बङ्गाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नति योजना | २०७९/५/१५ | |

निर्णय न. ५ विभिन्न योजना तथा प्रतिवेदनहरु स्वीकृत सम्बन्धमा ।

- **आवधिक योजना २०७९**

  यस गाउँपालिकाको आर्थिक सहयोग र पानोरामा रिसर्च सेन्टर प्रा.लि. काठमान्डौको प्राविधिक सहयोगमा निर्माण गरिएको यस गाउँपालिकाको पञ्च बर्षिय आवधिक योजना-२०७९ को काम सम्पन्न भएकोले उक्त योजना स्वीकृत गरी सो योजना निर्माणको लागी खर्च भएको संझौता अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

- प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेश, नेपालगञ्ज, बाँकेको प्राविधिक तथा आर्थिक सहयोगमा र यस गाउँपालिकाको समन्वयमा तयार गरिएका तपशिलका योजना/रणनिति/परिक्षण सम्बन्धि प्रतिवेदनहरुलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

  तपशिल

  - क्षमता विकास योजना २०७८
  - लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणनीति २०७८
  - लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण २०७८

CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

साथै प्रतिवेदनहरु तयार गर्न सहयोग पुर्याउने प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेश प्रति आभार व्यक्त गर्दै धन्यबाद प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न. ६ पुल हेरालुको रकम भुक्तानी सम्बन्धमा ।**

यस गाउँपालिका अन्तर्गतका विभिन्न झो.पु. हरुमा रहेका झोलुंगे पुल हेरालुहरुको व्यवस्थापन खर्च रकम वडा कार्यालयको सिफारिसमा चालु तर्फको विविध शिर्षकबाट सम्बन्धित व्यक्तिको खातामा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय न. ७ मर्मत भएका सडकहरुको भुक्तानी सम्बन्धमा ।**

मिति २०७९/३/ १५ र १६ गतेको आएको ठुलो बर्षाको कारण यस गाउपालिकाको वड्डाडा जस्पुर सडक लगायत वडा न. ५ का विभिन्न सडकहरु मर्मत गरी यातायात सेवा संचालनको लागी खर्च भएको रकम वडाको सिफारिशको आधारमा साझेदारी कार्यक्रम शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय न. ८ विभिन्न कार्यविधि/निर्देशिका स्वीकृत सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको कार्यालयबाट तयार गरी पेश भएका तपशिलका कार्यविधिहरुलाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो।

तपशिल

- विपन्न असहाय सहायता कार्यविधि, २०७९
- दिर्घरोग स्वास्थ्य सहायता कार्यविधि, २०७९
- सरुमारानी वासीहरुका लागी २० युनिट भन्दा कम महशुल छुट कार्यक्रम कार्यविधि, २०७९

**निर्णय न. ९ आर्थिक सहायता अनुमोदन सम्बन्धमा ।**

क) यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिलः

| सि. न | बिरामी व्यक्तिको नाम /अभिभावकको नाम | ठेगाना | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | धनीसरा देवि | वडा न. २ | ५००० | विपन्न असहाय सहायता कार्यक्रम |
| २ | मंगल सिं सुनार | वडा न. ३ | ५००० | विपन्न असहाय सहायता कार्यक्रम |
| ३ | टोपाराम राना मगर | वडा न. ३ | ५००० | विपन्न असहाय सहायता कार्यक्रम |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

भ.ज बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | मोहन परिवार/ईमा कुमारी दमै | वडा न. ३ | ५००० | विपन्न असहाय सहायता कार्यक्रम |
| ५ | लिला मर्साङ्गी/खमिसरा गाहाँ | वडा न. ३ | ५००० | विपन्न असहाय सहायता कार्यक्रम |
| ६ | मंगल सिंह सुनार/मोतिलाल सुनार | वडा न. ३ | ५००० | विपन्न असहाय सहायता कार्यक्रम |
| ७ | लिमिसरा रखाल/थम बहादुर रखाल | वडा न. ३ | ५००० | विपन्न असहाय सहायता कार्यक्रम |
| ८ | सपनाबादी/डल्लीबादी | वडा न. १ | ५००० | विपन्न असहाय सहायता कार्यक्रम |
| ९ | यमिदेवी चर्ती/टेक बहादुर चर्ती | वडा न. ३ | ५००० | विपन्न असहाय सहायता कार्यक्रम |
| १० | गंगा बहादुर कामी/गंगा बहादुर | वडा न. २ | ५००० | विपन्न असहाय सहायता कार्यक्रम |
| ११ | विनोदकुमार सार्की/किमा कुमारी सार्की | वडा न. २ | ५००० | विपन्न असहाय सहायता कार्यक्रम |
| १२ | सुदिप कुमाल/रविलाल कुमाल | वडा न. १ | १५००० | दिर्घरोग स्वास्थ्य सहायता |
| १३ | माधव पौडेल/भिमलाल पौडेल | वडा न. १ | २०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| १४ | संगिता धामी/लक्ष्मी धामी | वडा न. १ | १०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| १५ | हिमकला गाहाँमगर/कलि गाहाँ | वडा न. ५ | २०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| १६ | ईन्द्र बहादुर कवर/फुलमायाँ कवर | वडा न. २ | १०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| १७ | सुदिप कुमाल/रविलाल कुमाल | वडा न. १ | १५००० | दिर्घरोग स्वास्थ्य सहायता |
| १८ | अनाराम सोमै मगर/अनाराम सोमै | वडा न. ४ | १०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| १९ | बालिका गाहाँ/गुमान गाहाँमगर | वडा न. ६ | १५००० | दिर्घरोग स्वास्थ्य सहायता |
| २० | छायाँकला पुन/दुर्गा बहादुर पुन | वडा न. १ | १५००० | दिर्घरोग स्वास्थ्य सहायता |
| २१ | हुकुम बहादुर खड्का | वडा न. ३ | १०००० | दिर्घरोग स्वास्थ्य सहायता |

ख) यस सरुमारानी गाउँपालिका वडा न. ४ को खिम बहादुर नेवारको लु.१.च.८४९४ नम्बरको गाडीले सरुमारानी गाउँपालिका वा न. ४ बस्ने लोक बहादुर नेपाली झुण्डीएर मृत्यु भएको लासलाई केवरापानी सारुटोल देखी विजुवार पोष्टमाटम गर्नको लागी लगेको र अर्को दिन प्रहरी मुचुल्का उठाई पोष्टमार्टम सम्पन्न पश्चात विजुवार देखि केवरापानी सारुटोल सम्म लास छोडे वापतको गाडी खर्च रु. १२०००।— भुक्तानीको लागी माग भएकवले उक्त रकम नियमानुसार खिम बहादुर नेवारलाई चालु-विविध शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

<u>निर्णय न. १० नेपाल रेडक्रस सोसाहिटीको सस्थागत सदस्यता सम्बन्धमा ।</u>

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा प्युठानको च.न. १२२ मिति २०७९/३/१ को पत्र अनुसार उक्त शाखा मार्फत संचालन गरिने हरेक गरिविधिहरुलाई संस्थागत रुपमा सहयोग गर्नको लागी हरेक वर्ष वार्षिक रू. २५,०००।- संस्थागत सदस्यको लागी अनुरोध भई

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

भ.ज बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गाउँ, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७२

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

आएकोले उक्त संस्थागत सदस्यता स्वीकार गर्ने र सो वापतको वार्षिक शुल्क संस्था सहयोग शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय न. ११ विविध सम्बन्धमा ।

- हंशपुर वृहत खानेपानी तथा सरसफाई योजनाको खानेपानी लिफ्ट गर्दाको परिक्षणको अवधिमा खर्च भएको विधुत विल वापतको रकम भुक्तानी गर्नका लागी उपभोक्ता समितिसँग कुनै प्रकारको कोष नभएको र समितिले गर्नु पर्ने कामको प्राविधिक इष्टिमेटमा पनि उक्त रकम नराखिएका कारण उक्त परिक्षण अवधि अर्थात २०७८ चैत्र देखी २०७९ असार मसान्त सम्मको विधुत विल गाउँपालिकाले पारिश्रमिक कर्मचारी शिर्षकवाट रकमान्तर गरी भुक्तानी गर्ने निर्णय गरियो ।
- नेपाल सरकारवाट प्रत्येक विधालयका विद्यार्थी संख्याको आधारमा उपलब्ध गराउदै आएको दिवाखाजा वापतको रकम अवैज्ञानिक हाल महंगीको आधारमा अत्यन्तै न्युन भएकोले सो रकम वृद्धिको लागी नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।
- लुम्विनि प्रदेश सरकारवाट हालै जेष्ठ र असार महिनामा विभिन्न योजना तथा बजेटहरु पठाउने पद्ती र योजनाहरुमा विनियोजित बजेट तिन तहका सरकारको अधिकार क्षेत्र भन्दा गलत पद्धतीबाट आउदा प्रदेश सरकारको मर्यादामा समेत आँच आउने भएकोले आगामी वर्ष देखी यस्तो पद्तीमा सुधार गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।
- यस कार्यालय र ग्रिक मिडिया प्रा.ली. संग भएको सम्झौता अनुसार सरुमारानी गाउँपालिकाले ५ बर्षमा गरेको कामलाई समेटेर तयार पारिएको समिक्षा पुस्तक तयार भएकोले सो अनुमोदन गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मतिमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति २०७९/०३/२२

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गाउँ, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७२

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

CS CamScanner